**मितिः २०८२।१२।३०**
**समयः बिहान ८:०० बजे**

**बैठक नं. ०७/२०८२/०८३**

आज मिति २०८२ चैत्र ३० गते सोमबारका दिन महाकुलुङ गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री सुर्य बहादुर कुलुङज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा बैठक बसी तपशिल अनुसारका प्रस्ताव उपर छलफल गरि निर्णय गरियो ।

**उपस्थिति**

| **क्र.सं.** | **नाम,थर** | **पद** | फोन नं. | **हस्ताक्षर** |
|---|---|---|---|---|
| १ | श्री सुर्य बहादुर कुलुङ | अध्यक्ष | ९८५१०९९१५६ | |
| २ | श्री बिपना कुलुङ | उपाध्यक्ष | ९८६९५७८६८६ | |
| ३ | श्री पर्खिधन राई | वडा अध्यक्ष (वडा नं. १) | ९८६२८५७४०१ | |
| ४ | श्री प्रदिप राई | वडा अध्यक्ष (वडा नं. २) | ९८६२७५९११० | |
| ५ | श्री दुर्गा बहादुर राई | वडा अध्यक्ष (वडा नं. ३) | ९८४२९९९३३४ | |
| ६ | श्री सरस्वती राई | वडा अध्यक्ष (वडा नं. ४) | ९८४२८१५१६३ | |
| ७ | श्री महलसिं राई | वडा अध्यक्ष (वडा नं. ५) | ९८४२९०४६६२ | |
| ८ | श्री सिद्धिमनि राई | कार्यपालिका सदस्य | ९८६२३१३८३५ | |
| ९ | श्री सिता माया वि.क. | कार्यपालिका सदस्य | ९७४९७१७६९३ | |
| १० | श्री चस्मिता वि.क. | कार्यपालिका सदस्य | ९७४२५६४३०७ | |
| ११ | श्री निर कुमारी राई | कार्यपालिका सदस्य | ९८४२८१९७१२ | |
| १२ | श्री शारदा कुलुङ | कार्यपालिका सदस्य | ९८४४१५८७०० | |
| १३ | श्री दौलित कुलुङ | कार्यपालिका सदस्य | ९८६०८८७७५० | |
| १४ | श्री खरिधन राई | सदस्य-सचिव | ९८५२८२००३६ | |

**प्रस्ताव तथा निर्णयहरु**

| **नि.नं.** | **प्रस्ताव** | **निर्णय** |
|---|---|---|
| १. | योजना सम्झौता गर्ने मिति तय गर्ने सम्बन्धमा | यस महाकुलुङ गाउँपालिका तथा ५ वटै वडाका योजनाहरुको कतिपय योजना सम्झौता हुन बाँकी रहेकोले सम्पूर्ण योजना सम्झौता यहि मिति २०८२ बैशाख १५ भित्र गर्ने गरी गाउँपालिका तथा वडा कार्यालयले समन्वय गर्ने निर्णय गरियो । |
| २. | इन्द्र होनित्ती चक्रपथको ठेक्कामा गर्नुपर्ने भेरिएसन आदेश सम्बन्धमा | यस महाकुलुङ गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/८३ मा कार्यान्वयन हुँदै गरेको इन्द्र होनित्ती चक्रपथको स्तरोन्नति कार्यको ठेक्कामा महाकुलुङ -१ स्थित लिप्खो खोलामा बक्स कल्भर्ट निर्माण गर्नुपर्ने कार्य समेत समेटिएकोमा कल्भर्ट निर्माणको लागि जग खन्दै जाँदा चट्टान भेटिएकोमा गाउँपालिकाको जनप्रतिनिधि, कर्मचारी तथा प्राविधिक समेतको टोलीले स्थलगत अनुगमण गर्दा सो चट्टान नफोडी कल्भर्ट निर्माण गर्न सम्भव नभएको, त्यहाँ रहेको चट्टान फोड्न अत्याधिक खर्च लाग्ने साथै बाटोको फाउण्डेसन (आधार) नै कमजोर हुने देखिएकोले सो स्थानमा गाउँपालिकामा मौजुदा रहेको ह्यूम पाइप इन्स्टलेसन गर्ने र ह्यूम पाइपसहितको कजवे निर्माण लगायतको |

| | | |
|---|---|---|
| | | निर्माणका लागि लागत रकममा वृद्धि नहुने गरी भेरिएसन आदेश जारी गर्ने निर्णय गरियो । |
| ३. | संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने सम्बन्धमा | नेपाल सरकारले स्वीकृत गर्ने "संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी मापदण्ड, २०८२" वमोजिम प्रत्येक स्थानीय तहको संगठन तथा व्यवस्थापन कार्य यसै आर्थिक वर्षभित्र सम्पन्न गरी किताबखानामा पद दर्ता समेत गर्नुपर्ने भएकोले सर्वेक्षण कार्यको लागि मापदण्डको व्यवस्था अनुसार सर्वेक्षण समिति गठन गरी आर्थिक वर्ष २०८२/८३ को गाउँसभाको बर्षे अधिवेशन अगावैको कार्यपालिका वैठकमा प्रस्तुत गरी स्वीकृत गराउने निर्णय पारित गरियो ।<br>सर्वेक्षेण समिति<br>१) संयोजक — खरिधन राई, प्रमुख प्रशासकीय अधिकृत<br>२) सदस्य — ध्रुब धन राई , लेखाप्रमुख<br>३) सदस्य — जीवन राई, आलेप (मनोनित)<br>४) सदस्य — हरिलाल कुलुङ, योजना अधिकृत (मनोनित)<br>५) सदस्य सचिव — सुमन राई, प्रशासकीय अधिकृत (सातौं) |
| ४. | सरुवा सहमती दिने सम्बन्धमा | महाकुलुङ गाउँपालिका वडा नं. ५ मा कार्यरत वडा सचिव, सहायक पाँचौं तहको कर्मचारी श्री क्षितिज वस्नेत (कर्मचारी संकेत नं. २३८११४) ले आफ्नो व्यक्तिगत समस्या देखाई सरुवा भई जानको लागि सहमती मागेकोमा निजलाई कार्यपालिकाको वैठकमा उपस्थित गराई छलफल गर्दा सरुवाको सहमति दिन मनासिव देखिएकोले यस गाउँपालिकाबाट अन्यत्र सरुवा भई जानको लागि सहमती दिने निर्णय गरियो । |
| ५. | तोष नोक्छोहरुसँग छलफल कार्यक्रम राख्ने सम्बन्धमा | महाकुलुङ गाउँपालिका भित्र रहेका तोषखमका तोष नोक्छोहरुसँग छलफल तथा भेटघाट कार्यक्रम राखी छलफल गर्ने र सो कार्यक्रमको लागि मिति २०८३ बैशाख २६ गते शनिबार आवश्यक कार्यक्रम राख्ने निर्णय गरियो । |
| ६. | एम्बुलेन्स को दररेट पुनरावलोकन सम्बन्धमा । | महाकुलुङ वडा नं. ४ र ५ का सेवा ग्राहीका लागि एम्बुलेन्स सेवामा हाल कायम रहेको वडा नं. ३ को दररेटसँग बराबर बनाई लागू गर्ने निर्णय गरियो । |
| ७. | शौचालय निर्माणको लागि विद्यालय छनौट गर्ने सम्बन्धमा । | कोशि प्रदेशको सामाजिक विकास मन्त्रालयको चलानी नं. ८११, आर्थिक वर्ष २०८२/८३ को पत्रानुसार WASH सुविधा सहितको शौचालय निर्माणका लागि रु. ७ लाख सशर्त वजेट प्राप्त भएकोमा प्राप्त दुई विद्यालय मध्ये हिमचुली आधारभूत विद्यालयमा वडाको वजेट अन्तर्गत नै शौचालय निर्माणाधीन रहेकोले चालु आ.व. को लागि प्राप्त उक्त वजेटबाट देनाम आधारभूत विद्यालयलाई छनौट गरी योजना संचालन गर्ने निर्णय गरियो । |

महाकुलुङ गाउँपालिका

मिति: २०८२।१२।३०
समय: बिहान ८:०० बजे

बैठक नं. ०७/२०८२/०८३

| | | |
|---|---|---|
| ८. | महाकुलुङ आधारभूत अस्पतालमा विद्युत व्यवस्थापन सम्बन्धमा | महाकुलुङ आधारभुत अस्पतालमा दीगो विद्युत व्यवस्थापनको लागि सम्भाव्यता अध्ययन तथा प्राविधिक कार्यको लागि आवश्यक वजेट रु. २ लाख महाकुलुङ स्वास्थ्य शाखा अन्तर्गतको उपकरण मर्मत सम्भार शिर्षकबाट रकमान्तर गर्ने तथा थप ३ लाख रुपैयाँ पर्यटन रोयल्टी वापत प्राप्त वजेटबाट विनियोजन गरी कार्य गराउने निर्णय गरियो । |
| ९. | स्वास्थ्य शिविर तथा अस्पताल उद्घाटन कार्यक्रमको अपुग वजेट सम्बन्धमा | महाकुलुङ गाउँपालिका स्वास्थ्य शाखा अन्तर्गत संचालन भएका कार्यक्रममा भएका अपुग वजेटहरु देहाय वमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।<br>१) महाकुलुङ आधारभूत अस्पताल उद्घाटन कार्यक्रम रु. ५४ हजार रुपैयाँ ।<br>२) आँखा शिविर तथा पाठेघरको शल्यक्रिया कार्यक्रम — ८० हजार रुपैयाँ । |
| १०. | गाउँपालिका अन्तर्गतको कुलुङ नेपाली अंग्रेजी भाषाको शब्दकोश प्रकाशनको रु. ५ लाखलाई रकमान्तर गर्ने तथा पर्यटन रोयल्टी वापतको प्राप्त रकमबाट योजना/वजेट विनियोजनन गर्ने सम्बन्धमा । | १) वडा नं. १ स्थित पात्ले मूल सडकमा ग्याबिन वाल निर्माणका लागि रु. ५ लाख<br>२) वडा नं. १ स्थित गत्तेल हेलिप्याड छेउमा सडक स्तरोन्नति ८ लाख<br>३) वडा नं. २ स्थित पोम्लावा सडक सोलिङको लागि ८ लाख<br>४) वडा नं. ३ स्थित छेस्काम आवि पर्खाल निर्माणका लागि १० लाख<br>५) वडा नं. ४ स्थित प्रिति कुलुङ राई रङ्गशाला निर्माण निरन्तरताका लागि रु. १५ लाख<br>६) वडा नं. ५ स्थित छुबुनेम खोल्सादेखि लुमुक्स्ला सम्म सडक सोलिङको लागि रु. १० लाख |
| ११. | भवन संरचना हटाई सडक निर्माण गर्ने सम्बन्धमा | यस महाकुलुङ गाउँपालिकाको वडा नं. १ स्थित गत्तेल हेलीप्याड छेउबाट संचालन हुने सडकमा पटक पटक साना तिना सडक दुर्घट्ना हुने गरेकाले सो स्थानमा सडक स्तरनोन्ति गर्नै पर्ने भएकोले सो स्थानमा पर्ने सार्वजनिक भवन भत्किन सक्ने भएकोले सो भवन संरचना समेत हटाई सडक स्तरोन्नति गर्ने निर्णय गरियो। |
| १२. | गाउँपालिका अन्तर्गतको बजेट रकमान्तर सम्बन्धमा | समाविबाट बुल्तोसुम सडक ट्र्याक ओपन शिर्षकको रु. ५ लाख वजेटलाई बुल्तोसुम पानी निकास तथा सडक मर्मत मा थप गरी ८ लाख रुपैयाँ कायम गर्ने । |
| १३ | विद्युत सव स्टेसन निर्माणको लागि माग गर्ने सम्बन्धमा | यस महाकुलुङ गाउँपालिका तथा आसपासका स्थानीय तहहरु सोताङ, माप्य दुधकोशी लगायतका क्षेत्रलाई विद्युत सेवा प्रदान गर्नको लागि समस्या भै राखेको तथा महाकुलुङ गाउँपालिका आसपासका क्षेत्रमा थुप्रै हाइड्रोपावर प्रोजक्ट समेत निर्माण भै रहेको हुनाले महाकुलुङ गाउँपालिकालाई पायक पर्ने गरी विद्युत सव-स्टेसन निर्माणको लागि नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गरी पठाउने निर्णय गरियो । |
| १४ | लागत साझेदारीको प्रतिवद्धता सम्बन्धमा | यसै गाउँपालिकाको वडा नं. ४ स्थित वासुकी आविले CITC र गाउँपालिका सँगको साझेदारीमा ६ कोठे पक्की भवन निर्माणको लागि |

महाकुलुङ गाउँपालिका

**बैठक नं. ०७/२०८२/०८३**

| | | |
|---|---|---|
| | | प्रस्ताव पेश गरेकोमा CITC सँग साझेदारी गर्ने शर्तमा गाउँपालिकाबाट कूल लागतको २० प्रतिशत लागत साझेदारीको प्रतिवद्धता जनाउने र सो बराबरको रकम आगामी आर्थिक वर्षको वजेटमा (कमिटेड वजेटको रुपमा) विनियोजन गर्ने निर्णय गरियो । |

महाकुलुङ गाउँपालिका